म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २६९ २०८१ भदौ ६ गते बिहीबार 22 August 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**साइबर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक संजालमा आफ्नो ठेगाना,फोन नम्बर र वित्तिय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई–फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सुशासनको प्रत्याभूति दिलाउन मुख्यमन्त्री लामाको निर्देशन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले नागरिकहरुलाई सुशासनको प्रत्याभूति दिलाउनेगरी काम गर्न निर्देशन दिनुभएको छ । उहाँले विभागीय मन्त्री र मन्त्रालयका सचिवहरुलाई जिम्मेवार ढंगबाट काम गर्न तथा गुनासोरहित सेवा प्रवाहमा केन्द्रित हुन निर्देशन दिनुभएको हो ।




मुख्यमन्त्री लामाले बुधबार विभागीय मन्त्री र प्रमुख सचिवसँग कार्यसम्पादन करार सम्झौता गर्नुहुँदै सुशासनका विषयमा गम्भिर हुनुपर्ने बताउनुभयो । सुशासन र सेवा प्रवाहका विषयमा गुनासोरहित काम गर्न उहाँले विभागीय मन्त्रीहरुलाई निर्देशन दिनुभएको हो । मुख्यमन्त्री लामाले नागरिकहरुको आवश्यकता र चाहनाअनुसार सहज सेवा तथा विकासका काम अघि बढाउन निर्देशित गर्नुभयो । उहाँले नागरिकको चरम निराशालाई सम्बोधन गर्न जिम्मेवार ढंगबाट कार्यसम्पादन गर्न र व्यवस्थापकीय विषयमा गम्भीर हुन आग्रह गर्नुभयो ।

मुख्यमन्त्री लामाका अनुसार प्रदेश सरकार माथिको विविध चुनौतिको सामना गर्न सक्रिय रुपमा काम गर्नुपर्ने हुन्छ । पछिल्लो समय विभिन्न कोणबाट प्रदेश संरचनाको टिकाटिप्पणी भइरहेकाले त्यसलाई व्यवस्थापन गर्न गम्भीर हुन जरुरी रहेको उहाँले औंल्याउनुभयो । वर्तमान व्यवस्थामा राज्यका स्रोतको उच्चतम् सदुपयोग गरी नागरिकहरुको सेवामा समर्पित हुनुपर्ने उहाँको भनाइ छ । नागरिकहरुको नजिक रहेर सेवा प्रवाहसँगै विकास निर्माणको अघि बढाउनु पर्ने उहाँले बताउनुभयो । हरेक मन्त्रालयले देखिने प्रकारको काम गरेर नागरिकलाई प्रदेश सरकारका विषयमा रहेका भ्रम चिर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

मुख्यमन्त्री लामाले कार्यसम्पादन मुल्यांकन पछि मन्त्रीहरुको मार्किङ हुने बताउनुभयो । कार्यसम्पादन मुल्यांकन अनुसार प्रदेश सरकारले मन्त्रीहरुको प्रगति समीक्षा गर्ने र सोही अनुसार अंक वितरण गर्ने उहाँको भनाइ छ । हरेक ३/३ महिनामा प्रगति समिक्षा गरिने मुख्यमन्त्री लामाले जानकारी दिनुभएको छ ।

## स्वास्थ्य उपकरण मर्मतको जिम्मा आविष्कार केन्द्रलाई



अस्पतालका उपकरण मर्मतसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षरपछि खिचिएको तस्वीर ।

समाज संवाददाता

हेटौंडाः संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संघीय अस्पतालका बिग्रिएका स्वास्थ्य उपकरण मर्मतको जिम्मा वैज्ञानिक महावीर पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रलाई दिएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको उपस्थितिमा बुधबार मन्त्रालय र केन्द्रबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

मन्त्रालयका तर्फबाट गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. मदन उपाध्याय र केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । मंगलबारसम्म हेटौंडामा पुस्तक विक्री गरिरहनुभएका पुन मन्त्रालयसँगको सम्झौताकै लागि बुधबार काठमाडौं पुग्नुभएको हो । अस्पतालमा खेर गइरहेका उपकरण मर्मत गर्नका लागि सघाउन मन्त्री पौडेलले केही दिनअघि पुनसँग आग्रह गर्नुभएको थियो । त्यसलगत्तै मन्त्रालयले पुन नेतृत्वको केन्द्रसँग औपचारिक सम्झौता गरेको हो ।

अब केन्द्रले हाल मन्त्रालयअन्तर्गतका १७ अस्पतालमा बिग्रिएर रहेका स्वास्थ्य उपकरणको अवस्थाबारे जानकारी लिनेछ । त्यसपश्चात मर्मत सम्भव भएका सबै उपकरणको केन्द्रका प्राविधिकहरुले मर्मत गर्नेछन् । हस्ताक्षर कार्यक्रममा बोल्नुहुँदै मन्त्री पौडेलले अस्पतालमा मर्मत अभावमा उपयोगमा आउन नसकेका उपकरणलाई केन्द्रको सहयोगमा मर्मतपछि उपचार सेवामा सहजता आउने विश्वास व्यक्त गर्नुभएको छ । "देशको सीप प्रयोग गरेर स्वदेशमै केही गर्न खोजिरहेका वैज्ञानिकहरुको योगदानलाई यो राज्यका तर्फबाट कदर हो", मन्त्री पौडेलले भन्नुभयो, "स्वदेशी सीपमा कम खर्चमा उपकरणको मर्मत हुने आशा लिएको छु ।"

उहाँले केन्द्रको सहयोगमा राज्यको खेर गइरहेको सम्पत्तिको उपयोगबाट बिरामी पनि लाभान्वित हुने र उपकरण खरिदका लागि हुने खर्चसमेत कम हुने आशा व्यक्त गर्नुभयो । केन्द्र प्रमुख पुनले राज्यले आफूहरुलाई विश्वास गरेर ठूलो जिम्मेवारी दिएको भन्दै खुशी प्रकट गर्नुभयो । "राज्यले हामीलाई विश्वास गरेर ठूलो जिम्मेवारी दिएको छ", पुनले भन्नुभयो, "अब हामी हाम्रै श्रोत, साधन र प्राविधिकको उपयोग गरेर मर्मत गर्नेछौं ।"

उहाँले यसले आफूहरुलाई हौसला दिएको भन्दै मन्त्री पौडेललाई धन्यवाद दिनुभयो । "मन्त्रीज्यूलाई कार्यसफलताको कामना छ", उहाँले भन्नुभयो, "हामी पनि यहाँलाई सघाउँछौं ।" मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले शुरुवातमा १७ वटा संघीय अस्पतालको उपकरणको अवस्थाबारे विवरण केन्द्रबाट प्राप्त भएपछि सम्बन्धित अस्पतालमै गएर केन्द्रले मर्मत थाल्ने जानकारी दिनुभयो ।

## मुख्यमन्त्री र मन्त्रीबीच कार्यसम्पादन सम्झौता



सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीसँग करार सम्झौतापत्र आदानप्रदान गर्नुहुँदै मुख्यमन्त्री बहादुर सिंह लामा ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले विभागीय मन्त्री र प्रमुख सचिवसँग कार्यसम्पादन करार सम्झौता गर्नुभएको छ । बुधबार एक समारोहका बीच मुख्यमन्त्री लामाले विभागीय ११ मन्त्री र प्रमुख सचिवसँग कार्यसम्पादन करार गर्नुभएको हो ।

प्रदेश सुशासन कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा मुख्यमन्त्री लामाले चालु आर्थिक वर्ष २०८१/०८२ का लागि मन्त्रीहरुसँग सम्पादन गर्ने कार्यहरु र जिम्मेवारीका बारेमा करार सम्झौता गर्नुभएको हो । कार्यसम्पादन करार सम्झौतामा मन्त्रीहरुले चालु आवमा गर्नुपर्ने कामहरु, कार्ययोजना, समयसीमा, प्रक्रिया तथा कानुनी विषयहरु लगायत उल्लेख गरिएको छ ।

प्रदेशका १४ मन्त्रीमध्ये १ जना मन्त्री विशेष कारणवश अनुपस्थित र एक मन्त्रीको विभागीय जिम्मेवारी नभएकाले करार सम्झौता गर्न नसकेको प्रदेशका प्रमुख सचिव गोविन्द बहादुर कार्कीले जानकारी दिनुभयो । प्रमुख सचिव कार्कीले मुख्यमन्त्री र मन्त्रीबीचको कार्यसम्पादन सम्झौताले प्रदेश सरकारका कार्यक्रम र योजनाको प्रगतिको अनुगमन गर्न सहज हुने बताउनुभयो ।

उहाँका अनुसार कार्यसम्पादन सम्झौतापछि प्रदेश सरकारका कामलाई व्यवस्थित गर्न सहयोग पुग्नेछ । प्रदेशको विगतका अनुभवका आधारमा चालु आर्थिक वर्षको कार्यक्रम र बजेट कार्यान्वयनमा मन्त्रीहरुले विभागीय मन्त्रालयका सचिव र कर्मचारीहरुसँग करार सम्झौता गरेर कामलाई तीव्रता दिनुपर्ने उहाँले बताउनुभयो ।

मुख्यमन्त्री लामाले कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठ, आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी, भौतिक पूर्वाधार विकासमन्त्री अमन मास्के, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकमाया तामाङ, संस्कृति, पर्यटन तथा सहकारी मन्त्री बिमल ठकुरी, स्वास्थ्य मन्त्री किरण थापा, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री श्याम बहादुर खड्का, श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन, र वन तथा वातावरण मन्त्री कृष्ण प्रसाद सिलवालबीच कार्यसम्पादन सम्झौता गर्नुभएको छ ।

युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन र बिना विभागीय मन्त्री मदुकुमार श्रेष्ठसँग सम्झौता हुन बाँकी रहेको छ । मन्त्री महर्जन अस्वस्थताका कारण कारार सम्झौताका क्रममा उपस्थित हुन सक्नुभएन भने मनत्री श्रेष्ठले विभागीय जिम्मेवारी नपाउँदा करार सम्झौता गर्न पाउनुभएन ।

## ५ महिनामै फेरिए हेटौंडा अस्पतालका मेसु

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट (मेसु) ५ महिनामै फेरिएका छन् । भक्तपुरबाट ५ महिनाअघि निमित्त मेसुको रुपमा सरुवा भई हेटौंडा अस्पतालमा आएका डा. श्रीधर अर्यालको सरुवा भएपछि अस्पतालको मेसु फेरिएको हो ।

गत वर्षको चैत महिनादेखि मेसुका रुपमा कार्यरत रहनुभएका डा. अर्यालको भदौ २ गते सरुवा भएपछि अस्पतालको मेसुको जिम्मेवारी पुनः डा. रामचन्द्र सापकोटालाई प्रदान गरिएको छ । हेटौंडा अस्पतालको निमित्त मेसुको रुपमा बागमती प्रदेशको प्रमुख सचिवस्तरीय निर्णयबाट डा. सापकोटालाई नियुक्त गरिएको हो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको हेटौंडा अस्पतालको निमित्त प्रमुखमा डा. सापकोटालाई नियुक्त गर्ने निर्णय आइतबार प्रमुख सचिवस्तरीय निर्णयबाट भएको थियो । डा. सापकोटा डा. अर्याल निमित्त मेसुको रुपमा सरुवा भई आउनुअघि हेटौंडा अस्पतालको निमित्त मेसु हुनुहुन्थ्यो । वरिष्ठ कन्सल्टेन्ट अर्थोपेडिक सर्जन डा. सापकोटालाई पुनः मेसु बनाउने निर्णय भएको बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयका प्रवक्ता खगेश्वर गेलालले जानकारी दिनुभयो । आइतबार पूर्वमेसु डा. अर्यालको सरुवा भएको थियो । डा. सापकोटालाई पुनः मेसुको रुपमा ल्याउन आफ्नो सरुवा गरिएको हुनसक्ने डा. अर्यालले बताउनुभएको छ । डा. सापकोटालाई बुधबार अस्पतालमा मेसुको रुपमा स्वागत गरिएको छ । तीन वर्षअघि हेटौंडा अस्पतालका निमित्त मेसु डा. प्रवीण श्रेष्ठले राजीनामा दिनुभएपछि डा. सापकोटालाई निमित्त मेसुको रुपमा नियुक्त गरिएको थियो ।

**हाम्रो सुमो सेवाको**

**नयाँ प्रस्तुती...**



**छिट्टै सञ्चालनमा आउँदै ।**

**Electric Van**
**विद्युतीय भ्यानमा यात्रु सेवा**





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

**हेटौंडा-काठमाडौं-हेटौंडा** **हेटौंडा-बीरगन्ज-हेटौंडा**

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक

**हाम्रो सुवो सेवा**

हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

## सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# चुनौतीपूर्ण लागूऔषध दुर्व्यसन

लागूऔषध दुर्व्यसन विश्वव्यापी समस्या हो । लागूऔषध दुर्व्यसनका कारण विश्वभरका युवा पुस्ता प्रभावित बनेका छन् । किशोरकिशोरीदेखि युवायुवती लागूऔषधको नसामा फसेर आफ्नो जीवन बर्बाद गरिरहेका छन् । लागूऔषध दुर्व्यसनका कारण व्यक्ति, परिवार, समाज, देश र सिङ्गो विश्वमै विभिन्न नकारात्मक प्रभाव परिरहेको छ । यो क्रम नियन्त्रण गर्न नसके सामाजिक परिवेश, शान्ति र अमनचयन नै भङ्ग हुनेसम्मको खतरा बढ्दै जाने निश्चित छ । नेपालमा पनि लागूऔषध दुर्व्यसनको समस्या जटिल बन्दै गएको छ । लागूऔषध दुर्व्यसनको समस्या किन र के कारणले

बढिरहेको छ ? यो गम्भीर खोजीको विषय हो ।

नेपाल प्रहरीको लागूऔषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ अनुसार सातवटा प्रदेशमध्ये बागमती प्रदेशमा लागूऔषध प्रयोगकर्ताको संख्या सबैभन्दा बढी पाइएको छ । सातै प्रदेशमा कुल एक लाख ३० हजार ४२५ लागूऔषध प्रयोगकर्तामध्ये बागमती प्रदेशमा मात्र ४६ हजार ४८० पाइएको छ । देशभर रहेका लागूऔषध दुर्व्यसनीमध्ये एक तिहाइभन्दा बढी बागमतीमा रहेका हुन् । बागमतीपछि कोशी र लुम्बिनी प्रदेशमा लागूऔषध प्रयोगकर्ताको संख्या बढी देखिएको छ । कोशीमा २७ हजार ६०५ र लुम्बिनीमा २५ हजार ९३० लागूऔषध प्रयोगकर्ता छन् । मधेश प्रदेशमा १५ हजार ८४३, गण्डकीमा ८ हजार ९५६ र सुदूरपश्चिम प्रदेशमा ३ हजार ८०८ जना लागूऔषध प्रयोगकर्ता छन् । सबैभन्दा कम कर्णाली प्रदेशमा १ हजार ८११ लागूऔषध प्रयोगकर्ता रहेको प्रहरीको तथ्यांक छ । लागूऔषध प्रयोगकर्तामध्ये महिला ६.७ प्रतिशत र पुरुष ९३.३ प्रतिशत रहेका छन् । २०६९ देखि २०७६ सम्मको तथ्यांक हेर्दा प्रयोगकर्ताको वार्षिक वृद्धिदर ५.०६ प्रतिशत रहेको देखिन्छ ।

नेपाल प्रहरीको तथ्यांकअनुसार नेपालमा सबैभन्दा बढी ८०.४ प्रतिशत प्रयोगकर्ताले गाँजाजन्य पदार्थ सेवन गर्ने गरेको छ । लागूऔषध सेवनकर्तामध्ये सबैभन्दा बढी २० देखि २९ वर्षका युवा छन् । प्रयोगकर्तामध्ये यो उमेरसमूहका मात्रै ७० प्रतिशत रहेका छन् । १५ वर्षभन्दा कम र ५० वर्षमाथिका प्रयोगकर्ता एक प्रतिशतभन्दा कम छन् । साथी-संगतका कारण लागूऔषध दुर्व्यसनी बनेकाको संख्या सबैभन्दा बढी छ । यसपछि कौतुहलता र उत्सुकता एवम् पारिवारिक समस्याले दुर्व्यसनमा फसेकाहरु बढी पाइएका छन् । साथी संगतबाट दुई तिहाइभन्दा बढी प्रयोगकर्ताले लागूऔषध प्राप्त गर्ने गरेको तथ्यांक छ । नेपालमा लागूऔषध प्रयोगकर्तामध्ये ३५ प्रतिशतले धुवाँबाट, ३४ प्रतिशतले मुखबाट र २९ प्रतिशतले सुईबाट लागूऔषध सेवन गर्ने गरेको पाइएको छ ।

लागूऔषध दुर्व्यसनले सामाजिक तथा आर्थिकरुपमा प्रभाव पर्ने गरेको छ । दुर्व्यसनका कारण परिवारमा तनाव, झै-झगडा, बेमेल, पारिवारिक विचलन, विखण्डन, सम्बन्धविच्छेद, व्यभिचार बढ्ने समस्या हुन्छ । यसले विभिन्न प्रकारका हिंसा र आपराधिक क्रियाकलापमा पनि वृद्धि गराइरहेको छ । सरकारले लागूऔषध दुर्व्यसनको समस्या कम गर्न राष्ट्रिय लागूऔषध नीति, २०६३ कार्यान्वयनमा ल्याएको छ । लागूऔषध नियन्त्रणका लागि विभिन्न कानुनी व्यवस्था गरिएको भए पनि प्रभावकारी बन्न सकिरहेको छैन । प्रहरीले लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमलाई पनि व्यापक र तिव्र पारेको छ । लागूऔषध ओसारपसार, बिक्रीवितरण तथा उत्पादनमा नियन्त्रण गर्न प्रहरीले सक्रियता देखाइरहेको भए पनि लागूऔषध दुर्व्यसनको समस्या बढ्दै जानु चुनौतीपूर्ण बनेको छ । लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि तीनै तहका सरकारबिच प्रभावकारी समन्वय र सहकार्य आवश्यक छ । लागूऔषध दुर्व्यसनको चुनौती कम गर्न सरकार, सुरक्षा निकाय, नागरिक समाजमात्र होइन, हरेक व्यक्तिको थप सक्रियता हुनुपर्ने देखिएको छ । लागूऔषध दुर्व्यसनको समस्या समाधानका लागि हरेक व्यक्ति, परिवार, विद्यालय, समुदाय र नागरिक समाज, राज्यका सबै निकायले विशेष सतर्कतासहित प्रभावकारी निगरानी बढाउनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक कार्यका माध्यमबाट प्रतिष्ठामा वृद्धि होला ।
**वृष** : आयस्रोत र पदप्रतिष्ठामा वृद्धि हुने समय योग छ ।
**मिथुन** : सामाजिक क्रियाकलापका काममा अलमलिने समय छ ।
**कर्कट** : कलात्मक पेशाका काममा मन जाने समय छ ।
**सिंह** : आर्थिक गतिविधिलाई व्यवस्थापन गर्दा राम्रो रहन्छ ।
**कन्या** : बजेटलाई सन्तुलनमा राख्दा राम्रो रहने समय छ ।
**तुला** : विशेष आय–आम्दानी बढ्ने समय योग देखिन्छ ।
**वृश्चिक** : आफन्तबाट भनेजस्तो सहयोग प्राप्त हुने समय छ ।
**धनु** : दोहोरो लाभ प्राप्त हुने समय योग देखिन्छ ।
**मकर** : स्वास्थ्य स्थिति कमजोर रहेन समय योग देखिन्छ ।
**कुम्भ** : आय–आम्दानीमा वृद्धि हुने समय योग छ ।
**मीन** : चुनौती र संघर्षपूर्ण समय योग रहेको छ ।

# तथ्यांकमा लुकाइएको महँगी

**अवस्था दिनदिनै असहज बन्दै गइरहेको यो परिवेशमा वर्तमान योजनाले राखेका लक्ष्य पूरा गर्न चुनौतीपूर्ण रहेको देखिन्छ । यो योजनाकालमा पनि महँगी नियन्त्रण होला र जीवन केही भए पनि सहज होला भन्नु हास्यास्पदजस्तै देखिएको छ भन्दा अनुपयुक्त नहोला । किनकि यहाँ महँगीको प्रतिशतमा पनि जालसाजी छ, सत्य लुकाइएको छ ।**



रुद्रप्रसाद भट्टराई




केही समयअघि सामान्य चामलको २५ केजी बोराको मूल्य १६-१८ सय थियो, अहिले ३ हजारको हाराहारीमा पुगेको छ। यहाँ चामलको मात्र कुरा होइन; तरकारी, दाल, तेल, गेडागुडी, फलफूल, औषधिजन्य सामग्रीलगायत अन्य वस्तुहरूको मूल्य अकासिएको छ, नियन्त्रण गर्ने निकाय सुतेर बसेको अवस्था छ । किनकि यहाँ सरकार र सेयर बजारको मात्र मुद्दा प्रमुख छन्; विपत्, उत्पादन र रोजगारीका कुरा त टाढाका विषयमा पर्न थालेका छन् । जनताको दैनिकी यतिसम्म महँगिएको छ कि कुरा गरी साध्यै छैन, तर तालुकदार निकाय खालि प्रतिशतमा सीमित छन्, त्यही पनि असली होइन नक्कली ।

आर्थिक वर्ष २०८०-८१ को पहिलो त्रैमाससम्म मूल्यमा चाप परेको भए तापनि दोस्रो त्रैमासदेखि क्रमिक रूपमा सुधार हुँदै २०८१ असारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ । यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीतिको तुलनामा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीतिमा बढी सुधार देखिएको उसले बताएको छ । भारतमा थोक तथा उपभोक्ता मुद्रास्फीति स्थिर रहेको, आयात मूल्य सूचकांक र तलब तथा ज्यालादर सूचकांकको वृद्धिदरमा कमी आएको र आन्तरिक मागसमेत कमजोर रहेका कारण उपभोक्ता मुद्रास्फीति कम रहन गएको उसको भनाइ छ । तर, अवस्था हेर्नुहोस् त बजारमा यस्तै देखिन्छ ।

मुद्रास्फीतिको अवस्था हेर्ने हो भने दुई वर्षअघि अमेरिकामा ४० वर्षयताकै उच्च देखियो । विश्वव्यापी रूपमा महँगी सन् २०२० को तुलनामा १ सय ९४ राष्ट्रमध्ये १ सय ७९ देशमा बढ्न पुग्यो । अन्तर्राष्ट्रिय मुद्राकोष, वर्ल्ड इकोनोमिक आउटलुक डाटाबेसका अनुसार नेपालमा सन् २०२० मा ६.१५, २०२१ मा ३.५९९, २०२२ मा ६.२६१, सन् २०२३ मा ७.८१५ र २०२४ मा ६.३१२ प्रतिशत मुद्रास्फीति दर रहेको देखाउँछ । डाटाबेसका अनुसार मुद्रास्फीति विश्वव्यापी रूपमा धेरैजसो क्षेत्रमा अपेक्षितभन्दा छिटो घटिरहेको छ । यो सन् २०२४ मा ५.८ प्रतिशतमा झर्ने अपेक्षा गरिएको थियो । ५० भन्दा कम देशमा यो गत वर्षको तथ्यांकभन्दा बढी हुने उसको प्रक्षेपण छ । ग्लोबल फाइनान्सको प्रतिवेदनअनुसार नेपाल विश्वका १ सय ९० मुलुकमध्ये ४१ नम्बरको गरिब मुलुक हो । दिनकै पर निर्भरता बढिरहेको नेपालको चित्रले चाँडै महँगीबाट राहत मिल्ने अवस्था देखिँदैन । किनकि हामी सेवामुखी गतिविधिमा मात्र अर्काको व्यापार-व्यवसाय बढाइरहेका छौं । गार्हस्थ्य उत्पादन बढाउने कार्य गर्नबाट पन्छिरहेका छौं ।

देशमा उत्पादनका क्षेत्र संकुचित हुँदै जानु अनि आयातित वस्तुले प्रधानता पाउँदा उत्पादन हुने चिज पनि मगाएरै खाने प्रवृत्ति बढ्दै जाँदा अर्काको भाउमा वस्तु सेवन गर्नुपर्ने कारण नै महँगी नघटेको प्रस्टै छ । उत्पादनमुखी गतिविधि साँघुरिँदै जाँदा हामी दिनकै गरिब र थप माग्ने हुँदै गएको यो परिवेशमा सरकारका गतिविधि पनि त्यसैतर्फ सोभिनुले जनताको जीवन थप कष्टकर र दुःखदायी बन्दै गएको छ । जति कमाए पनि सो कमाइले जोहो टार्न सकिएको छैन, उल्टै ऋणको भारी चौगुणा वृद्धि भएर गएको छ । आर्थिक क्रियाकलापका क्षेत्र घट्दै गएका छन् भने विदेश पैसा पुऱ्याउने कारखानाहरू निरन्तर उचो गतिमा छन् । महँगीकै कारण दलाल अर्थतन्त्र र गतिविधि बढेका छन् । यही कारण दैनिकी थेग्नै नसक्ने हुँदै गएको छ । छिट्टै कमाइ हुने र अनुत्पादक क्षेत्रमा लगानी वृद्धि हुँदा महँगी नियन्त्रण गर्ने निकाय नै थप हौसिएका छन् र दिगो दिमागको बेप्रयोग बढेर गएको छ, जसको सिकारमा गरिब र युवा परेका छन् ।

महँगीको पीडा सबैले उत्तिकै खेप्नुपर्छ । यसमा पनि निम्न र मध्यम वर्गले बढी पीडा खेप्नुपर्छ । सरकारी तथ्यांकलाई आधार मान्ने हो भने पनि २०.२७ प्रतिशत नेपाली निरपेक्ष गरिबीको रेखामुनि छन् । गैरसरकारी तथ्यांकले योभन्दा बढी प्रतिशत रहेको देखाउँछ । काम गरी खानुपर्ने तर काम गरिखाने भरपर्दो आधार पनि नभएका तल्लो वर्गका जनताले महँगीको पीडा सबैभन्दा बढी भोग्नुपरेको छ । महँगीका कारण घरगृहस्थी चलाउन नसकेर विक्षिप्त हुने र आत्महत्या गरेका घटना दिनकै बढेका छन् । आर्थिक स्थिति कमजोर हुनेहरूका निम्ति महँगी अभिशाप बन्छ र आत्महत्याका निम्ति विवश बनाउँछ । अनुसन्धानहरूले आर्थिक तत्व आत्महत्याको एक प्रमुख कारण रहेको देखाउँदै आएका छन् । मानिसको स्वास्थ्य र आयु पनि आर्थिक स्थितिबाट प्रभावित हुन्छ । विभिन्न अनुसन्धानले आर्थिक स्थितिका कारण गरिबको मृत्यु धनीको तुलनामा चाँडै हुने गरेको देखाएको छ । नेपालको वास्तविकता पनि यही हो । 'खाए खा नखाए घिच' जस्तै बनेको छ बजार र सरकारका शैली, जसको चेपुवामा सर्वसाधारणको उठीबास भएको छ ।

रेमिटेन्सबाट देशको अर्थतन्त्र धानिएको छ । मुलुकको अर्थतन्त्र कति बेला कसरी लड्ने हो, निश्चित छैन । यस्तो स्थितिमा महँगी बढ्ने नै भयो । आयको राम्रो आधार नभएका जनता यसबाट प्रताडित हुने नै भए । बेरोजगारीले महँगीको पीडालाई अझ बढाएको छ । राज्यबाट प्रभावकारी अनुगमन हुन नसक्दा ऊ यसमै लेनदेन गर्न व्यस्त छ । वस्तुको कृत्रिम अभाव, निर्यात र कालोबजारी गर्नेहरूले यही बाटो समाउँछन् । मूल्य विघटनको सिकार भएको राज्यसंयन्त्र लेनदेनको सजिलै सिकार भएको छ । माग र आपूर्तिबाट वस्तुको मूल्य प्रभावित हुन्छ । कृत्रिम अभाव खडा गरेर वस्तुको मूल्यलाई प्रभावित गरिन्छ । माग र आपूर्तिको स्वाभाविक रूपमा बिग्रने सन्तुलनबाट भन्दा कृत्रिम रूपमा बिगारिने सन्तुलनबाट वस्तुको मूल्यमा अस्वाभाविक वृद्धि हुन्छ । व्यापारीले बेलाबखत यही बाटो समाउँछन् । उनीहरू आफूसँग वस्तु हुँदाहुँदै अभाव सिर्जना गर्छन् र महँगोमा बेच्छन् । हामीले सदियौँदेखि भोग्दै आएको चुरो कुरा पनि यही नै हो ।

राज्यको कमजोर उपस्थिति वा मिलेमतोले महँगीलाई सघाएको छ । यो अनैतिकता कृत्रिम अभाव खडा गर्ने र कमाउने एउटा कारण बन्छ । हामीकहाँ वस्तुको अभाव देखाएर मात्र मूल्यवृद्धि गरिएको छैन-गरिँदैन, राज्यका नियम-कानुनलाई चुनौती दिँदै मूल्यवृद्धि गर्न नपर्ने र नहुने स्थितिमा पनि मूल्यवृद्धि गरिएको छ । राज्यको कमजोर उपस्थिति, संस्थागत भएको भ्रष्टाचार, मुलुकको कमजोर आर्थिक अवस्था, कृत्रिम अभाव र बढ्दो कालोबजारी महँगी बढ्नुका महत्वपूर्ण आन्तरिक कारण हुन् । महँगी घटाउन र नियन्त्रण गर्न सकिन्छ भन्ने यहाँ शासकले बिर्सिसके । सुशासनको अनुभव जनताले पाउनुपर्छ भन्ने कुरा कुनामा परिसके । कृत्रिम अभाव, कालोबजारी, तस्करी, अस्वाभाविक मूल्यवृद्धि आदिले सुशासन नरहेको देखाउँछ । भ्रष्टाचार संस्थागत भएको हाम्रो मुलुकमा सुशासनको अनुभूति दिलाउन कठिन हुँदै गएको छ ।

अहिलेसम्मको अवस्था हेर्दा न्यून आर्थिक वृद्धि, अर्थतन्त्रमा संरचनागत समस्या, उत्पादनमूलक उद्योग क्षेत्रको संकुचन, द्वितीय क्षेत्रको दरिलो आधार बिनाको तृतीय क्षेत्र विस्तार, न्यून उत्पादन, कृषिप्रतिको विकर्षण, परनिर्भरता, उच्च व्यापार घाटा, रोजगारी बढ्न नसक्नु, युवा जनशक्ति पलायन, छरिएका कार्यक्रम, कमजोर मानव स्रोत व्यवस्थापन, आधारभूत सेवामा नागरिकको न्यून पहुँच, आधुनिक सूचना प्रविधि प्रयोगमा न्यूनता, सहर र गाउँबीचको बढ्दो खाडल, आर्थिक सामाजिक विभेद, नीति र नतिजाबीचको खाडल, कमजोर तहगत अन्तरसम्बन्ध, सार्वजनिक खर्चको खाडल, न्यून पुँजीगत विनियोजन र कार्यान्वयन, बजार प्रतिस्पर्धाको कमजोर व्यवस्था, वातावरणमाथि उच्च दबाबजस्ता अनेकन् समस्या देशले भोगिरहेको छ ।

विगत पाँच वर्षको अवधिमा मुलुकको सार्वजनिक ऋण दुई गुणाभन्दा बढीले बढेको देखिएको छ । आव ०७५-७६ मा १० खर्ब ४८ अर्ब रुपैयाँ रहेको सार्वजनिक ऋण आव ८०-८१ को अन्त्यसम्म आइपुग्दा २४ खर्ब नाघेको छ । ऋण व्यवस्थापन कार्यालयका अनुसार गत आव ०८०-८१ को अन्त्यसम्म मुलुकको सार्वजनिक ऋणको आकार २४ खर्ब ३३ अर्ब २३ करोड रुपैयाँ पुगेको छ । कुल ऋणमध्ये ५१.४७ प्रतिशत विदेशी ऋणको हिस्सा छ भने आन्तरिक ऋणको हिस्सा ४८.५३ प्रतिशत रहेको जनाइएको छ । नेपालको अर्थतन्त्रको आकार करिब ५७ खर्बलाई आधार बनाएर गणना गर्दा सरकारको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४२.६५ प्रतिशत पुगेको छ । यता बैंकमा पैसा थुप्रिएको छ । ४० अर्ब तरलता तान्दै छ नेपाल राष्ट्र बैंक ।

केन्द्रीय बैंकको तथ्यांकअनुसार साउन २० गतेसम्म बैंकहरूको निक्षेपको आकार ६४ खर्ब ४२ अर्ब रुपैयाँ पुगेको छ भने यता कर्जा लगानी जम्मा ५१ खर्ब ४५ अर्ब रुपैयाँबराबर मात्र हुन सकेको छ । समीक्षा अवधिमा सिडी रेसियो (कर्जा-निक्षेप अनुपात) जम्मा ७८.४५ प्रतिशत मात्र कायम गरेका बैंकहरूसँग ७ खर्बमाथि तरलता रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूमा अधिक तरलता थुप्रिएसँगै राष्ट्र बैंकले निक्षेप संकलन उपकरणमार्फत २१ दिनका लागि ४० अर्ब रुपैयाँ प्रशोचन गर्न लागेको हो । वर्तमान सत्यता यो छ कि महँगीको मारले जनता पिल्सिएका छन्, जति कमाए पनि कम हुन गएको छ ।

सरकारले श्रमिक मजदुरको हकहितका लागि उपलब्धिमूलक काम गर्न नसक्दा अनौपचारिक क्षेत्रमा काम गर्ने प्रायः मजदुर असन्तुष्ट छन् । राज्यले तोकेको न्यूनतम पारिश्रमिक पनि पाउन नसकेको श्रमिकहरूको गुनासो छ । उहिलेको ज्यालामा काम गरिरहनुपरेको, तर बजारमा वस्तु तथा सेवाको भाउ निरन्तर बढिरहेको उनीहरूको गुनासो छ । जुनसुकै क्षेत्र पनि महँगीबाट कष्टकर जीवन जिउनुपरेको अवस्था छ । यही महँगीलाई लिएर विश्वका धेरै देशमा प्रदर्शन र आन्दोलनहरू पनि भइ नै रहेका छन् । हामीचाहिँ कागले कान लग्यो भन्दा उतैतिर सोभिएका छौं ।

यता नयाँ सोह्रौं योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ । सुशासनमार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्ने उसको तर्क छ । आमनागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु यो योजनाको मूल उद्देश्य हो । यसका लागि अर्थतन्त्रको संरचनागत रूपान्तरणमार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु सोह्रौं योजनाले अवलम्बन गर्ने मुख्य रणनीति छ । जहाँ २०८५-८६ सम्ममा ७.३ प्रतिशतको आर्थिक वृद्धि लक्ष्य राखिएको छ । प्रतिव्यक्ति आय २३ सय ५१ पुऱ्याउने, गरिबीको रेखामुनि रहेको जनसंख्या १२ प्रतिशतमा झार्ने, उपभोक्ता मुद्रास्फीति ५ प्रतिशतमा बढ्न नदिने उल्लेख छ ।

अर्को महत्वपूर्ण कुरा, सो अवधिमा बेरोजगारीको प्रतिशत ५ मा झार्ने योजनाको लक्ष्य छ । अवस्था दिनदिनै असहज बन्दै गइरहेको यो परिवेशमा वर्तमान योजनाले राखेका लक्ष्य पूरा गर्न चुनौतीपूर्ण रहेको देखिन्छ । यो योजनाकालमा पनि महँगी नियन्त्रण होला र जीवन केही भए पनि सहज होला भन्नु हास्यास्पदजस्तै देखिएको छ भन्दा अनुपयुक्त नहोला । किनकि यहाँ महँगीको प्रतिशतमा पनि जालसाजी छ, सत्य लुकाइएको छ ।

# विद्यार्थीलाई रक्तदानसम्बन्धी उत्प्रेरणा



समाज संवाददाता

हेटौंडाः ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) मकवानपुर शाखाले भूटनदेवी माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई रक्तदानसम्बन्धी उत्प्रेरणा प्रदान गरेको छ । ब्लोदानले बुधबार विद्यार्थीहरुलाई रक्तदानसम्बन्धी जनचेतना जगाउन उत्प्रेरणा कार्यक्रम आयोजना गरेको हो ।

एक दिने कार्यक्रममा ब्लोदानका केन्द्रीय अध्यक्ष इन्जिनियर सानुबाबु प्रजापति र वरिष्ठ कन्सल्टेण्ट डा. मनिता श्रेष्ठ राजकर्णिकारले रक्तदानसम्बन्धी जानकारी दिनुभएको थियो । कार्यक्रममा विद्यार्थीहरुलाई रक्तदानको प्रक्रिया, तरिका, विशेषता, आवश्यकता, रक्तदान गर्ने तथा नगर्ने अवस्थालगायतका बारेमा जानकारी दिइएको थियो ।

रक्तदान गरेको व्यक्तिले पुनःरक्तदान गर्न कम्तिमा ३ महिना कुर्नु पर्दछ । मानव शरीरबाट ३ महिनामा नष्ट हुने रगतलाई दान गरेमा अरु व्यक्तिलाई सहयोग हुने प्रजापतिले बताउनुभयो । रक्तदान गरेमा आत्मसन्तुष्टि प्राप्त हुने उहाँको भनाइ छ ।

रातो कोशिका रक्तहरुलाई ४२ दिन र सम्पूर्ण रक्त कोशिकाहरूलाई स्टोर गरेर राखिने डा. श्रेष्ठले बताउनुभयो । ठूलो रगत हानि भएको अवस्था, शल्यक्रिया गर्नुअघि, शल्यक्रियाको समयमा, शल्यक्रिया पछि र प्रसवको अवस्था, गम्भीर रक्तअल्पताबाट पीडित बिरामीहरूलाई रगतको आवश्यकता पर्दछ । प्लेटलेट्स, प्लाज्म र कारकहरूको कमी भएको अवस्था, एनिमिया, थैलासेमिया, हेमोफिलियाबाट पीडित बिरामीहरु, ल्युकेमिया र रक्त विकार भएको अवस्थामा रगत आवश्यक पर्दछ । क्यान्सर रोगीहरुलाई रक्तक्षेपण आवश्यक हुनसक्ने अवस्था तथा रगत विकारसँग नवजात शिशुको अवस्थामा रगत आवश्यक पर्दछ ।

ब्लोदानले नियमितरुपमा रक्तदान गर्ने स्वयम्सेवी रक्तदाताहरुलाई प्रत्येक वर्ष राष्ट्रिय रक्तदाता दिवस तथा विश्व रक्तदाता दिवसमा सम्मान गर्ने गरेको ब्लोदानका अध्यक्ष प्रजापतिले जानकारी दिनुभयो । ब्लोदानले विशेष कार्यक्रम गरेर रक्तदाताहरुलाई कदरपत्र तथा विशेष डोनर पीनबाट सम्मान गर्दै आएको उहाँको भनाइ छ ।

महिनावारी भएको ८ दिनसम्म, सुत्केरी भएको अवस्था तथा स्तनपान गराइरहेको अवस्था, एचआईभी तथा हेपाटाइटिसलगायत रगतसम्बन्धी रोग लागेको अवस्था र औषधी सेवन गरिरहेको अवस्थामा रक्तदान गर्न मिल्दैन । गर्भपतन गरेको अवस्थामा ६ महिनासम्म रक्तदान गर्न मिल्दैन । यसैगरी, टाइफाइड भएमा निको भएको १ वर्षसम्म, टाटु खोपेको तथा अकुपञ्चर गरेको १ वर्षसम्म, रेविजविरुद्ध खोप लिएको १ वर्षसम्म, हेपाटाइटिस बी र सी देखिएकाहरुमा निको भएको १ वर्षसम्म, क्षयरोग भएका व्यक्तिको अवस्थामा उपचार पूरा भएको १ वर्षसम्म, कोरोनाविरुद्ध खोप लिएको १४ दिनसम्म रक्तदान गर्न नमिल्ने बताइएको छ । शिशुलाई स्तनपान गराइरहेको आमाहरुले १ वर्षसम्म, सानो शल्यक्रिया गरेको ३ महिना तथा ठूलो शल्यक्रिया गरेको १ वर्षसम्म र छारेरोग भएको व्यक्तिहरु निको भएको ३ महिनासम्म रक्तदान गर्न नमिल्ने बताइएको छ ।

रक्तदान गर्न इच्छुक व्यक्ति १८ देखि ६५ वर्ष उमेरसम्मको हुनुपर्छ भने शरीरको तौल कम्तिमा ४५ केजी हुनुपर्दछ । व्यक्तिको हेमोग्लोबिन १२.५ ग्राम प्रतिशत तथा सोभन्दा माथि भएको हुनुपर्छ । रक्तदान गर्ने व्यक्तिको रक्तचाप मुनिको ७० देखि ९० सम्म र माथिको ११० देखि १४० सम्म भएको हुनुपर्ने बताइएको छ । नेपालमा एक सय ८ वटा रक्तसञ्चार केन्द्र रहेको छ ।

# शिक्षक बैंकको कार्यविधिमा शिक्षक संगठनको ध्यानाकर्षण



*नगरप्रमुख मीना कुमारी लामालाई ध्यानाकर्षणपत्र बुझाउँदै शिक्षक संगठनको समूह ।*

समाज संवाददाता

हेटौँडाः एकीकृत अखिल नेपाल शिक्षक संगठन हेटौँडा उपमहानगर कमिटीले शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि २०८१ को विषयमा हेटौँडा उपमहानगरपालिकालाई ध्यानाकर्षणपत्र बुझाएको छ । एकीकृत अखिल नेपाल शिक्षक संगठन हेटौँडा उपमहानगर कमिटीका अध्यक्ष विष्णुहरि गौतम नेतृत्वको समूहले बुधबार नगरप्रमुख मीना कुमारी लामालाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि तयार पार्दा पेशागत संगठनहरु र सरोकारवालासँग समन्वय नगरेका कारण ध्यानाकर्षणपत्र बुझाइएको संगठनले जनाएको छ । उपमहानगरपालिकाले शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि तयार पारेर शिक्षक बैंकका लागि परीक्षासमेत लिइसकेको सन्दर्भमा शिक्षक संगठनहरुले ध्यानाकर्षणपत्र बुझाइरहेका छन् । यसअघि नेपाल राष्ट्रिय शिक्षक संगठनको हेटौँडा उपमहानगर कमिटीले पनि शिक्षक बैंकको विषयमा ध्यानाकर्षणपत्र बुझाएको छ ।

शिक्षक संगठनले नौं बुँदामा सुझाव दिएको छ । विद्यालयमा रिक्त भएको पदमा सरुवा भएर आउन चाहने शिक्षकलाई सरुवा गर्नुपर्ने, विद्यालय कार्यालय सहयोगीको व्यवस्था थप गरी न्यूनतम् शैक्षिक योग्यता ८ कक्षा तोक्नुपर्ने सुझाव संगठनले दिएको छ । यस्तै विशेषज्ञको योग्यताको विषयमा पनि संगठनले सुझाव दिएको छ । शिक्षा महाशाखा प्रमुखले नभई नगरप्रमुखले परीक्षा समितिको सदस्य तोक्नुपर्ने पनि संगठनको अपेक्षा छ । संगठनले नगरप्रमुखको अध्यक्षतामा परीक्षा अनुगमन समिति हुनुपर्ने माग गरेको छ ।

संगठनले एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्नुपर्ने, माध्यमिक तहका विद्यालयमा लेखा र प्रशासन हेर्ने दुईजना विद्यालय सहायक र दुईजना कार्यालय सहयोगी हुनुपर्ने, प्रधानाध्यापकको भत्ता आधार तलबमानको १० प्रतिशत हुनुपर्ने, सबै विद्यालयमा स्वास्थ्यकर्मी र औषधिको व्यवस्था हुनुपर्ने माग संगठनको छ ।

ध्यानाकर्षणपत्र बुझ्नुहुँदै नगरप्रमुख मीना कुमारी लामाले सबैको माग र ध्यानाकर्षणका आधारमा शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधिमा सुधार गर्ने आश्वासन दिनुभएको छ । छिट्टै सबै पक्षलाई राखेर सल्लाह, सुझाव लिएर कार्यविधिमा सुधार गरिने नगरप्रमुख लामाले बताउनुभएको छ । शिक्षा शाखाका अधिकृत हरिचन्द्र सापकोटाको उपस्थितिमा ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रममा एकीकृत अखिल नेपाल शिक्षक संगठनको राष्ट्रिय परिषद् सदस्य भोगेन्द्र लुइटेल र राजु घिमिरे, बागमती प्रदेश अर्थसचिव खेमराज लामिछाने, हेटौँडा उपमहानगर कमिटीकी वरिष्ठ उपाध्यक्ष मालती पोखरेल, सचिव विवैलाल पाखिनको पनि सहभागिता रहेको थियो ।

# प्रधानमन्त्री ओलीले आज सांसदका प्रश्नको जवाफ दिने

काठमाडौँः प्रधानमन्त्री नियुक्त भएपछि केपी शर्मा ओलीले आज बिहीबार पहिलो पटक सांसदहरुका प्रश्नको जवाफ दिने भएका छन् । उनले बिहीबार प्रतिनिधिसभाको बैठकमा सांसदहरुले लिखित रुपमा सोधेका प्रश्नहरुको जवाफ दिने कार्यक्रम तय गरिएको हो ।

'सरकारले आगामी दिनमा लिने नीति, कामको प्रभावकारिता र समसामयिक विषयमा प्रधानमन्त्रीज्यूले सांसदहरुको प्रश्नको जवाफ दिने तयारी छ,' उनको सचिवालयको भन्यो, 'सांसदहरुको प्रश्नको जवाफ तयार भइसहेको छ ।' असार तेस्रो साता कांग्रेसको समर्थनमा प्रधानमन्त्री भएपछि ओलीले सरकारको काम कारबाही र अन्य विषयमा केन्द्रित भएर सम्बोधन गर्न लागेका हुन् । पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रधानमन्त्री भएपछि संसदमा सांसदहरुको प्रश्नको जवाफ दिने परम्परा सुरु भएको थियो । त्यसकै निरन्तरता दिँदै बिहीबार संसद्मा सांसद -प्रधानमन्त्री प्रश्नोत्तर हुन लागेको हो । *स्रोतः इकान्तिपुर ।*

# ब्लड डोनर्स एसोसिएसन अध्यक्षमा जोशी

समाज संवाददाता

हेटौंडाः ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) मकवानपुर शाखाको पहिलो साधारणसभा सम्पन्न भएको छ । बुधबार भूटनदेवी माध्यमिक विद्यालयमा भएको साधारणसभाबाट कपिला जोशीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ ।

ब्लोदान मकवानपुर शाखाले वर्षमा दुई-तीन पटक रक्तदान गर्ने संस्थाका प्रतिनिधिलाई कार्यसमितिमा चयन गर्ने गरेको छ । समितिको उपाध्यक्षमा समाज कल्याण टोल विकास संस्थाका यतिराज दंगाललाई चयन गरिएको छ । सचिवमा अटो मोबाइल एसोसिएसनका सुधीर थापा र सहसचिवमा दुग्ध वितरण आयोजनाका अरुण शाहलाई चयन गरिएको छ । कोषाध्यक्षमा भूटनदेवी अल्मुनाई एसोसिएसनका सल्लाहकार सुरेशकुमार श्रेष्ठलाई चयन गरिएको अध्यक्ष जोशीले जानकारी दिनुभयो ।

यस्तै, सदस्यमा रामेछाप काभ्रे मौत्री समाजका मानबहादुर लामा, नारायणी बहुउद्देश्यीय सहकारी संस्थाका रामहरि न्यौपाने, थाहा सञ्चारका गोकुल अधिकारी, नारायणी सहकारीका बिमल घिमिरे, भूटनदेवी माध्यमिक विद्यालयका वेदराज कोइराला र पतञ्जलि योग समितिका रामकृष्ण थापालाई चयन गरिएको जोशीले जानकारी दिनुभयो । नयाँ कार्यसमितिको कार्यकाल ३ वर्ष रहेको छ ।

# रास्वपाले पार्टी निर्माणमा ध्यान दिने

काठमाडौंः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अब हुने स्थानीय तहको उपनिर्वाचनलाई ध्यानमा राखेर पार्टी गतिविधिलाई तीव्रता दिने निर्णय गरेको छ । निर्वाचन आयोगले मंसिरमा स्थानीय तहमा रिक्त जनप्रतिनिधिका लागि उपनिर्वाचन गर्ने तयारी गरेको छ । स्थानीय तहको निर्वाचन रास्वपाका लागि पहिलो हुनेछ । बुधबार बसेको केन्द्रीय समितिको बैठकले स्थानीय तहको उपनिर्वाचन केन्द्रित पार्टी गतिविधि सञ्चालन गर्ने निर्णय गरेको कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी गराए ।

संगठनको सक्रियता बढाउने उद्देश्यले भदौ महिनाभित्र सातै प्रदेशमा प्रशिक्षण गर्ने निर्णय पनि रास्वपाले गरेको छ । पार्टी सभापति रवि लामिछाने सातै प्रदेश पुगेर कार्यकर्तालाई प्रशिक्षित गर्ने रास्वपाले जानकारी गराएको छ । कर्णाली विशेष अभियान अन्तर्गत १५ भदौमा उक्त प्रदेशमा भेला गर्ने पार्टीले निर्णय लिएको छ । रास्वपाका नेताहरुका लागि केन्द्रीय समितिको बुधबारको बैठकमा भ्रष्टाचारका मुद्दालाई सशक्त रुपमा उठाउनुपर्ने विषयमा बढी समय छलफल भएको थियो । भ्रष्टाचारको मुद्दामा हदम्याद, स्वार्थ बाझिने र असमावेशी मन्त्री नियुक्ति, शिक्षामा राजनीतिकरण लगायतका मुद्दामा संगठित रुपमा विरोध गर्ने निर्णय भएको कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी गराए । उनले भने, 'भ्रष्टाचार मुद्दाको हदम्याद, अख्तियारले निजी क्षेत्रलाई हेर्ने, शिक्षामा दलीयकरण गर्ने, स्वार्थ बाझिनेलाई मन्त्री बनाउने काम भएको छ । यी मुद्दाहरुमा संगठित रुपमा विरोध गर्ने निर्णय भएको छ ।'

*स्रोतः अनलाइनखबर ।*

# बीएससी फरेष्ट्री अध्ययन गर्न आवेदन खुला

समाज संवाददाता

हेटौंडाः कृषि तथा वन विश्वविद्यालय (एएफयु) वन विज्ञान संकायले स्नातक तह (बीएससी) अध्ययनका लागि आवेदन खुला गरेको छ । संकायले साउन ३० गते बुधबारदेखि भदौ २४ गतेसम्म बीएससी फरेष्ट्री अध्ययन गर्न चाहने विद्यार्थीका लागि आवेदन खुलाएको हो ।

वन विज्ञान संकायको स्नातक तह (बीएससी)का लागि हेटौंडामा ८५ जना विद्यार्थीको कोटा रहेको संकायका उपप्रशासक प्रदीपकृष्ण श्रेष्ठले जानकारी दिनुभयो । यस्तै, एएफयु वन विज्ञान संकायले कटारीमा ५४ जना र गैंडाकोटमा ५० जनाको कोटामा आवेदन खुलाएको छ ।

एएफयु वन विज्ञान संकायको तथ्याङ्कअनुसार विद्यार्थीहरुले बीएससी अध्ययनका लागि आवेदन दिने क्रम कम भएको छ । २०७६ सालमा बीएससीका लागि एक हजार १५ जना विद्यार्थीले आवेदन दिएका थिए । २०७७ सालमा एक हजार ४३ जना, २०७८ सालमा ८ सय ५३ जना, २०७९ सालमा ४ सय ४० जना र २०८० सालमा २ सय ८३ जना विद्यार्थीले आवेदन दिएका थिए ।

यस्तै, त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान अध्ययन संस्थान, हेटौंडा क्याम्पसले वन विज्ञानमा स्नातक तह (बीएससी) अध्ययन गर्न चाहने विद्यार्थीका लागि साउन ९ गतेदेखि आवेदन खुला गरिसकेको छ । ८२ जना विद्यार्थी अध्ययन गराउने गरी खुला गरिएको आवेदन दिने समय आगामी भदौ १२ गतेसम्म रहेको छ ।

वन विज्ञान अध्ययन संस्थानको हेटौंडा क्याम्पसमा यसअघि ८० जना विद्यार्थीको कोटा रहेकोमा यसवर्ष विदेशी विद्यार्थीका लागि दुईवटा कोटा थप गरिएको छ । वन विज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसको स्नातक तहमा यसवर्ष ७६ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

## कार्यालय सहयोगी आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः(२०८१/०५/०६)*

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/०५/५ को च.नं. १९६ प्राप्त कार्यालय सहयोगी पदपूर्तिको लागि अनुमति पत्र अनुसार र यस विद्यालयको मिति २०८१/०५/५ गते बसेको वि.व्य.स. को बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशित गरिन्छ ।

**तपशिलः**

- **विज्ञापन नं.: ०१/२०८१/०८२**
- दरबन्दीको प्रकारः करार कार्यालय सहयोगी
- नियुक्तिको प्रकारः करार
- योग्यताः सामान्य लेखपढ
- तलब भत्ताः नेपाल सरकारले तोके बमोजिम
- निवेदन दस्तुरः रु. ५००/– (पाँच सय)
- दरखास्त दिन अन्तिम मितिः २०८१/०५/२० गते अपरान्ह ४:०० बजेसम्म ।
- दरखास्त बुझाउने स्थानः श्री चौरा आधारभूत विद्यालय

**आवश्यक कागजात**

(क) शैक्षिक योग्यताको प्रमाणपत्र भए प्रतिलिपि १ (एक) थान
(ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान
(ग) हस्तलिखित निवेदन १ (एक) थान फाइलिङ हुनुपर्ने ।

**नोट**ः शैक्षिक योग्यता बढी भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।
थप जानकारीका लागिः ९८४९६८२९८२ (प्र.अ.), ९८४५४१२७५८(अध्यक्ष)

**श्री चौरा आधारभूत विद्यालय**
**बागमती–७, पाथीभरा**

## दरभाउपत्र आह्वान गरिएको सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१/०५/०६*

ईस्थर बेन्जामिन स्मृति संस्था २०६३ सालमा ललितपुर जिल्लामा दर्ता भई सोही समयदेखि मकवानपुर जिल्लामा बालबालिकाका समग्र शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउँदै आइरहेको गैरसरकारी संस्था हो । संस्थाको आफ्नो नियमित कार्यक्रम अनुसार १२०० (एक हजार दुई सय) बालबालिकाहरुका लागि विद्यालय पोशाक खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारको प्रचलित कानुन अनुसार दर्ता भई मूल्य अभिवृद्धि करमा आवद्ध भएका इच्छुक आपूर्तीकर्ता, उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रही कार्यालय समय भित्र दरभाउपत्रसहित सम्पर्क राख्नुहुन अनुरोध छ ।

**उपलब्ध गराउनुपर्ने सामग्रीको स्पेसिफिकेशन**

रंगः निलो आकासे रंगको सर्ट र गाढा निलो प्यान्ट र फ्रक
गुणस्तर (फरक फरक रेट उपलब्ध गराउनु होला)
१) उच्च
२) मध्यम
३) सामान्य

**बोलपत्रका शर्तहरुः**

१. उल्लेखित सामग्री पूर्ण वा आंशिक रुपमा आपूर्ती गर्न इच्छुक उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुले दररेट उल्लेख गरेको दरभाउपत्रका साथ उद्योग फर्म दर्ताको प्रमाण-पत्र, भ्याटमा दर्ता भएको प्रमाण-पत्र, आ.व. २०८०/८१ को करचुक्ता प्रमाण-पत्र र बोलपत्रदाताको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी संलग्न गरी पेश गर्नु पर्नेछ । साथै, उपलब्ध गराउने सामग्रीको स्पेसिफिकेशनसहित सामग्रीको नमुना अनिवार्य पेश गर्नुपर्नेछ ।
२. छनौट भएका उत्पादक, आपूर्तिकर्ता, अधिकृत विक्रेता तथा वितरकले खरिद गरेको सामग्री संस्थाको कार्यालयसम्म डेलिभरी गरिदिनु पर्नेछ ।
३. म्याद नाघी वा रीत नपूगी आएका दरभाउपत्र छनौट प्रक्रियामा समावेश गराइने छैन ।
४. दरभाउपत्रदाताको बोलपत्र स्वीकार गर्ने वा नगर्ने र बोलपत्र प्रक्रिया रद्द गर्न सक्ने सर्वाधिकार ईस्थर बेन्जामिन स्मृति संस्थामा निहित रहेको छ र अन्य सम्पूर्ण कुराहरु संस्थाको खरिद नियमावली बमोजिम हुनेछ ।

**दरभाउपत्र पेश गर्ने ठेगाना**
**ईस्थर बेन्जामिन स्मृति संस्था**
**हेटौंडा-४, हुप्रचौर**
**सम्पर्क नं.- ०५७-५२१८५९**
**इमेल** :- info@ebmfnepal.org

# प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव एक महिनादेखि रिक्त

समाज संवाददाता

हेटौंडाः विगत एक महिनादेखि बागमती प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव पद रिक्त रहेको छ । दशौं राष्ट्रिय खेलकुदको मिति नजिकिएसँगै प्रदेशको कार्यकारी भूमिकामा रहने प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव पद गत असार २३ गतेदेखि रिक्त रहेको हो ।

सरकार परिवर्तन र मन्त्रालय व्यवस्थापनका कारण सदस्यसचिव नियुक्तिको विषय ओझेलमा पर्दै आएको छ । तत्कालीन सदस्यसचिव सूर्यलाल भण्डारीको ५ वर्षे कार्यकाल गत असार २३ गते सकिएपछि प्रदेश खेलकुद विकास परिषद् नेतृत्वविहीन अवस्थामा रहन पुगेको हो ।

तत्कालीन गठबन्धनको सरकारले प्रदेशको मन्त्रालयको संख्या १२ बाट बढाएर १३ पुऱ्याएसँगै युवा तथा खेलकुदतर्फ छुट्टै विभाग गठन भएको थियो । मन्त्रालय गठन भएको केही समयमा नै सत्ता समीकरण परिवर्तन भएपछि साउन ८ मा प्रदेश सरकारको नेतृत्व परिवर्तन भयो । साउन ८ मा कांग्रेस-एमाले गठबन्धनको सरकार बने पनि मन्त्रालय व्यवस्थापनका कारण सदस्यसचिव नियुक्ति प्रक्रिया अघि बढ्न सकेन ।

## सदस्यसचिव नियुक्तिमा कानुनी अड्चन

प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव नियुक्तिमा कानुनी समस्या देखिएको छ । परिषद्को अध्यक्षको सिफारिसमा प्रदेश सरकारले सदस्यसचिव नियुक्त गर्ने कानुनी व्यवस्था रहेको छ ।

कानुनी व्यवस्थाअनुसार परिषद्को अध्यक्ष विभागीय मन्त्रालयको मन्त्री हुने व्यवस्था छ । जसअनुसार प्रदेश खेलकुद विकास ऐन २०७५ को दफा ३ को उपदफा २ (क) अनुसार परिषद्को अध्यक्ष सामाजिक विकास मन्त्री हुने भनिएको छ । प्रदेशमा सामाजिक विकास मन्त्रालयबाट युवा तथा खेलकुद मन्त्रालयको विभाग अलग गरी छुट्टै मन्त्रालय निर्माण भइसकेको छ । जसका कारण व्यवहारिक र विभागीय जिम्मेवारी खेलकुद मन्त्री मातहत रहन पर्ने हो । तर, कानुनी व्यवस्थाका कारण परिषद्को अध्यक्ष खेलकुद मन्त्री हुनसक्ने अवस्था छैन ।

## खेलकुद मन्त्री नचिन्ने ऐन संशोधनको तयारी

विषेशगरी कानुनी व्यवस्थाअनुसार प्रदेश खेलकुद विकास परिषद् विभागीय रुपमा खेलकुद मन्त्रालयअन्तर्गत पर्दछ । तर, समयानुकूल ऐन परिमार्जन नहुँदा खेलकुद मन्त्री नचिन्ने अवस्था देखएको हो ।

प्रदेश खेलकुद विकास ऐनले खेलकुद मन्त्रीलाई चिन्दैन । प्रदेशमा रहेको ११ मन्त्रालयबाट १३ कामय गरी संरचना विकास गरिए पनि कानुन भने पुरानै रहँदा जटिलाता देखिएको हो । खेलकुद मन्त्रालयको कार्यविभाजन भए पनि कानुनी व्यवस्था नहुँदा खेलकुद मन्त्री भए पनि जिम्मेवारी सामाजिक विकास मन्त्रीमा नै रहेको छ ।

प्रदेशमा विभागीयरुपमा खेलकुद मन्त्रालय भएपनि कानुनले सम्पूर्ण अधिकार सामाजिक विकास मन्त्रालयमा निहीत गरेको छ । प्रदेश खेलकुद विकास ऐन निर्माण गर्दा सामाजिक विकास मन्त्री नै खेलकुद मन्त्री रहने व्यवस्था गरिएको थियो । जसअनुसार परिषद्को अध्यक्ष पनि सामाजिक विकास मन्त्री नै रहने ऐनको व्यवस्था रहेको छ ।

राजनीतिक भागबण्डाका लागि प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयबाट युवा तथा खेलकुद मन्त्रालय कायम गरेको छ । मन्त्रालय खडा गरे पनि ऐन संशोधन हुन सकेको छैन । जसले गर्दा प्रदेशमा युवा तथा खेलकुद मन्त्री भए पनि ऐनले उसलाई चिन्दैन ।

परिषद्को बैठकमा समेत खेलकुद मन्त्रीले कुनै जिम्मेवारी पाउँदैनन् । बैठकमा कानुनअनुसार सामाजिक विकास मन्त्री नै अध्यक्ष रहने र निर्णय प्रक्रियामा भूमिका खेल्ने गरेको युवा तथा खेलकुद मन्त्रालयका सचिव रुद्रप्रसाद लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार ऐन संशोधन नभएसम्म बोर्ड बैठकको हरेक निर्णयमा सामाजिक विकास मन्त्रीले नै अध्यक्षता गर्ने र परिषद्ले खेलकुद मन्त्रीलाई बोलाउन जरुरी छैन ।

कानुनी जटिलताका बिच अघि बढिरहेको खेलकुद मन्त्रालयले फास्ट ट्र्याकबाट कानुन संशोधनको तयारी गरेको छ । मन्त्रालयले प्रक्रियागतरुपमा प्रस्ताव तयार गरेर कानुन संशोधनका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाएको सचिव लामिछानेले बताउनुभयो । उहाँका अनुसार कानुन मन्त्रालयको रायसहित उक्त प्रस्ताव अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद्बाट स्वीकृत गराएर संसदमा पठाइने छ । संसदमा पेश गरी उक्त प्रस्तावलाई संसदीय समितिबाट छलफल गराएर छिटो पारित गर्ने मन्त्रालयको तयारी रहेको उहाले बताउनुभयो ।

युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले विभागीय मन्त्रालयको क्षेत्राधिकार माथिको कानुन संशोधन नहुँदा समस्या भएको बताउनुभयो । कानुन संशोधन नहुँदा विभागीय मन्त्रालयको प्रक्रियागत काम र योजना कार्यान्वयनमा समेत जटिलता देखिएको उहाँले बताउनुभयो । योजना छनौट र बजेट विनियोजनामा पनि समस्या भएको उहाँको भनाइ छ ।

खेलकुद मन्त्रालयका थुप्रै योजनाहरु सामाजिक विकास मन्त्रालयमा समावेश भएकाले त्यसलाई सुधार गर्नुपर्ने उहाँको भनाइ छ । खेलकुद क्षेत्रको विकासमा प्रदेश सरकारले काम गर्न स्पष्ट कानुन र मापदण्डसहित बजेट विनियोजनमा समेत ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

## छलफल गरेर छिट्टै नियुक्त गर्छौं मुख्यमन्त्री लामा

प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेशको खेलकुद विकास परिषद्को सदस्यसचिव छिट्टै नियुक्त गर्ने बताउनुभयो । कानुनी व्यवस्थाअनुसार सदस्यसचिव नियुक्त गर्न समस्या भएको उहाँले बताउनुभयो ।

उक्त विषयमा छलफल गरेर अघि बढ्ने उहाँको भनाइ छ । खेलकुद क्षेत्रको विकास र गतिविधि बढाउन सदस्यसचिव नियुक्ति जरुरी देखिएको उहाँले बताउनुभयो । विभागीयरुपमा कानुनी जटिलता देखिएकाले दुबै मन्त्रालयसँग छलफल गरेर सदस्यसचिव छिट्टै नियुक्त गर्ने उहाँले बताउनुभयो ।

मुख्मन्त्री लामाका अनुसार सदस्यसचिव बन्न ५/७ जनाले आकांक्षा व्यक्त गरेको र सोहीअनुसार मन्त्रालय तथा मन्त्रीसँग छलफल गरेर अघि बढ्ने मुख्यमन्त्री लामाले बताउनुभयो । खेलकुद क्षेत्रको विषय विज्ञलाई सरकारले सदस्यसचिव नियुक्त गर्ने उहाँले बताउनुभयो ।

यता, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार वर्तमान कानुनअनुसार नै खेलकुद विकास परिषद्को सदस्यसचिव तोक्ने तयारी गरिएको छ । सम्भवत् आगामी क्याविनेटबाट नै सदस्यसचिव नियुक्त गर्ने तयारी सरकारको रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उच्च तहका कर्मचारीको भनाइ छ ।

ती कर्मचारीका अनुसार विषेशगरी मुख्यमन्त्री लामाले नुवाकोटबाट नै खेलकुद परिषद्को सदस्यसचिव नियुक्तिको तयारी गर्नुभएको छ । मुख्यमन्त्री लामाको रोजाईमा नुवाकोटका दीपक लामा परेका छन् । उनलाई सदस्यसचिव नियुक्त गर्ने तयारी भइरहेको ती कर्मचारीको भनाइ छ । दीपक कांग्रेस निकट हुन् । उसु खेलाडी दीपक उसु संघका सचिव हुन् । उनी लोकतान्त्रिक खेलकुद संघको समेत सचिव थिए । विवादित क्रियाकलाप र पदीय मर्यादा कायम नगरेको भन्दै उनलाई पदबाट बर्खास्त गरिएको थियो ।

उता अखिले नेपाल फुटबल संघ (एन्फा) महिला फुटबल संघकी अध्यक्ष पेमा लामाको नाम पनि सदस्य सचिवको चर्चामा रहेको छ । खेलकुद मन्त्री महर्जनका अनुसार प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिव नियुक्ति दवाव र प्रभावमा नभइ विज्ञताको आधारमा हुनेछ । खेलकुद क्षेत्रलाई जानेको बुझेको र निरन्तरता दिएको व्यक्तिलाई सदस्यसचिव नियुक्त गरिने उहाँको भनाइ छ ।

### प्रथम जोन स्मृति फुटबल

# उद्घाटन खेलमा नयाँ वस्ती विजयी

समाज संवाददाता

मनहरीः मकवानपुरको मनहरी गाउँपालिकामा प्रथम संस्करणको जोन राना मगर स्मृति खुल्ला नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ । सयपत्री युवा क्लबको आयोजनामा गाउँपालिका वडा नम्बर-६, स्थित जोगिताल खेल मैदानमा सुरु भएको उद्घाटन खेलमा गाउँपालिकाको नयाँवस्ती क्लबले विजयी सुरुवात गरेको छ । बुधबार भएको उद्घाटन खेलमा हेटौंडा फुटबल एकेडेमीको जुनियर टिमलाई हराउँदै नयाँवस्ती क्लबले विजयी सुरुवात गरेको हो ।

पहिलो हाफको दोस्रो मिनेटमै टिमलाई अग्रता दिलाउन सफल भएको हेटौँडा फुटबल एकेडेमी विरुद्ध नयाँवस्तीले पहिलो हाफको २५ औं मिनेटमा गोल गर्दै खेललाई बराबरीमा ल्याएको थियो । एकेडेमीबाट सुदीप लामाले पहिलो गोल गरेका थिए भने नयाँवस्तीबाट सन्देश श्रेष्ठले एक गोल फर्काउँदै खेललाई बराबरीमा पुऱ्याएका थिए । दोस्रो हाफको १२ औं मिनेटमा नयाँवस्ती क्लबका अञ्जन चौधरीले गोल गर्दै टिमलाई जीत दिलाएका हुन् । म्यान अफ द म्याच नयाँ वस्तीका सन्देश श्रेष्ठ घोषित भएका छन् । उनले मायाको चिनो र नगद पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगिता अन्तर्गत आज बिहिबार पहिलो खेलमा विजयुन एफसी र मिसन-८४ बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा चितवन जिल्लाको भरतपुर महानगरपालिका र लामिटारबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा २१ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल भदौ १७ गते हुनेछ । २०७२ सालको भूकम्पमा परेर निधन भएको राना मगरको स्मरण गर्नका लागि क्लबले यस वर्षबाट प्रतियोगिताको अयोजना गर्न सुरु गरेको हो । प्रतियोगिताका लागि प्रथम पुरस्कारको प्रायोजन स्वर्गीय जोनका दाजु जकै राना मगरले गर्नुभएको छ भने द्वितीय पुरस्कारको प्रायोजन सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले गरेको बताइएको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँको नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

सयपत्री क्लबका अध्यक्ष सुरज श्रेष्ठको सभाध्यक्षमा तथा गाउँपालिकाका ६ नम्बर वडाध्यक्ष युवराज थपलियाको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको हो । प्रतियोगिताको उद्घाटन गर्नुहुँदै वडाध्यक्ष थपलियाले खेलमा हार जीत हुने भएको कारणले त्यसलाई स्वीकार गरेर नकारात्मक क्रियाकलाप नगर्न आग्रह गर्नुभयो । उहाँले विभिन्न ठाउँहरुबाट आएका खेलाडीहरुलाई आफ्नो क्लबलाई उच्च देखाउनका लागि अनुशासनको पालना गर्न आग्रह गर्नुभयो । उद्घाटन कार्यक्रममा पालिका खेलकुद विकास समितिका संयोजक विरु लामा थिङ, खेल संयोजक केदार योञ्जन लगायत विभिन्न संघ संस्थामा आवद्ध भएका पदाधिकारीहरुको आतिथ्य रहेको थियो ।

# खोलाले बगाएर दुई जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दुई जिल्लामा खोलाले बगाएर दुई जनाको मृत्यु भएको छ । चितवन र रामेछाप जिल्लामा एक-एक जनाको मृत्यु भएको हो ।

मंगलबार दिउँसो १ बजेर ३० मिनेटको समयमा चितवनको कालिका नगरपालिका-७, स्याउली बजार नजिकै खोलाले बगाएर एक बालकको मृत्यु भएको छ । बुङखोलाले बगाएर बेपत्ता भएका ६ वर्षीय राम अर्यालको मृत्यु भएको हो । खोलामा हात खुट्टा धोइरहेको अवस्थामा अर्याललाई खोलाले बगाएको प्रहरीले जनाएको छ । खोला बगाएको दुई घण्टापछि ४ किलोमिटर तल कालिका-६ स्थित कुलोमा अर्याल मृत अवस्थामा फेला परेका थिए । शवलाई साँझ ५ बजे नै मुचुल्का पश्चात पोष्टमार्टमका लागि भरतपुर सरकारी अस्पतालमा लगिएको थियो ।

यस्तै मंगलबार बिहान ८ बजेर ३० मिनेटको समयमा रोमछापको मन्थली नगरपालिका-१० स्थित चनखु खोलाले बगाएर एक महिलाको मृत्यु भएको छ । खोलाले बगाएर बेपत्ता भएकी सोही ठाउँकी ४० वर्षीया लोकमाया श्रेष्ठको मृत्यु भएको हो । घरदेखि ६ सय मिटर दुरीमा रहेको उक्त खोलाले बगाएर श्रेष्ठ बेपत्ता भएकी थिइन् । जिल्ला प्रहरी कार्यालय रामेछापबाट प्रहरी नायव उपरीक्षकको टोलीले खोजी गर्ने क्रममा बेपत्ता भएकी श्रेष्ठ एक किलोमिटर तल मृत भेटिएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

# जिल्ला लिग फुटबल एक साता पछि

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता एक साता पछि सरेको छ । भदौ ७ गते शुक्रबारदेखि सुरु हुने भनिएको जिल्ला लिग फुटबलको खेल तालिका एक साता पछि सरेको हो ।

बुधबार बसेको मकवानपुर जिल्ला फुटबल संघको बैठकले लिग सार्ने निर्णय गरेको छ । संघका महासचिव छवि सुवेदीका अनुसार प्रतिकूल मौसमलाई मध्यनजर गरेर लिग सार्ने निर्णय गरेको हो । अहिले भइरहेको निरन्तर वर्षाका कारण खेल मैदानहरुमा खेल खेलाउन उपयुक्त नहुने देखिएपछि लिग सारेको उहाँले बताउनुभयो ।

बैठकले जिल्ला लिग फुटबल भदौ १४ गतेबाट गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । सबै पदाधिकारीको उपस्थितिमा बसेको बैठकले लिगको खेलतालिका भदौ १० गते सार्वजनिक गर्ने निर्णय गरेको छ ।

आगामी भदौ १४ गते हेटौंडा-११ स्थित सिमलटार खेलमैदानमा लिगको उद्घाटन गर्ने संघको तयारी छ । लिग चाँडै सकाउन हेटौंडा-६ स्थित गौरीटार रंगशालामा पनि प्रतियोगिताअन्तर्गतका खेलहरु सञ्चालन गरिने भएको छ ।

लिगमा यस पटक जिल्लाका २८ वटा क्लबहरुले सहभागिता जनाउँदैछ । यस वर्षबाट जिल्ला लिगमा क्लबहरुको वरियता छुट्याइने भएको छ । सहभागी २८ वटा क्लबहरुलाई प्रत्येक समूहमा ७ वटा क्लब रहने गरी ४ समूहमा विभाजन गरिनेछ । हरेक समूहको शीर्ष ३ क्लबहरु सिधै जिल्लाको 'ए' डिभिजन क्लबमा छनौट हुनेछन् । हरेक समूहको चौथो र पाँचौं स्थानका ८ वटा क्बलहरु 'बी' डिभिजनमा रहनेछन् भने छैटौं र सातौं स्थानका ८ वटा क्लबहरु 'सी' डिभिजनमा पर्नेछन् ।

लिगमा २०८० सालमा एन्फा ए, बी र सी लिग खेलेका खेलाडीले सहभागी जनाउन नपाउने भएको छ । लिग विजेता क्लबले १ लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाण प्राप्त गर्नेछ भने यसै वर्ष हुने बागमती प्रदेश लिग खेल्न पाउनेछ ।

# राप्तीखोलामा शव फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, थानाभर्याङ नजिकै राप्ती खोलामा शव फेला परेको छ । मंगलबार दिउँसो साढे १ बजेको समयमा राप्तीखोला बगरमा अन्दाजी ३५ वर्षीय पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शवको सनाखत हुन नसकेको प्रहरीले जनाएको छ । शवको मुचुल्कापश्चात पोष्टमार्टमका लागि हेटौंडा अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ